टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

---

मितिः २०७७।०८।२२

प.स. २०७७/०७८ शिक्षा
च.न. १२३६

**विषय : युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम अन्तरगत विचार लेखन प्रतियोगितामा सहभागी हुने बारे सूचना ।**

**श्री कैलाली जिल्ला अन्तरगतका सम्बन्धित सबै युवाहरू !**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद, सानोठिमी भक्तपुरको सूचना तथा यस शाखाको मिति २०७७/०८/१९ गतेको निर्णयानुसार कैलाली जिल्लास्तरीय युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम संचालनका लागि यस नगरपालिकामा आ. व. २०७७/०७८ को सशर्त कार्यक्रममा कार्यक्रम तथा बजेट विनियोजन गरेको हुँदा १६ देखि २४ वर्षसम्मका युवाहरुको लागि युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम संचालन कार्यप्रक्रिया २०७७ अनुसार **"समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगिता "** संचालन गर्नु पर्ने भएको हुँदा तपसिलको प्रावधानहरु पुरा गरी सहभागी हुनका अनुरोध छ ।

**तपसिल :**

- कार्यक्रमको प्रकृति : विचार लेखन प्रतियोगिता
- शीर्षक : समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगिता
- निर्धारित समयः २ घण्टा ३० मिनेट
- सहभागी समूह : १६ वर्षदेखि २४ वर्षसम्मका युवाहरु मात्र ।

**निवेदनसाथ संलग्न गरिनु पर्ने आवश्यक कागजातहरू :**

- सहभागिताका लागि निवेदन (निवेदन टीकापुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाबाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।)
- सहभागीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (नेपाली नागरिकता प्राप्त नभएको खण्डमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि)
- कैलाली जिल्लाभित्रको पालिकामा स्थायी बसोबास भएको प्रमाणपत्र (उम्मेदवार सहभागी हुने जिल्लाबाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाण पत्र जारी नभएको अवस्थामा मात्र)
- निवेदन पेश गर्ने स्थान : टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा, टीकापुर कैलाली ।
- प्रतियोगिता संचालन मिति : सूचनाको म्याद समाप्त भए पश्चात जानकारी गराइनेछ ।
- निवेदन दिने अन्तिम मिति:२०७७ पौष १५ गतेसम्म कार्यालय समयभित्र(थप जानकारीका लागि :०९१-५६१००६, ९८६८०३९०८९)

***नोट : जिल्लास्तरीय प्रतियोगितामा प्रथम, द्बितीय, तृतीय तथा सान्त्वना स्थान प्राप्त गर्ने उम्मेदवारलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्था हुनुका साथै प्रथम हुनेलाई प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताका लागि सिफारिस गरिनेछ ।***

२०७७/०८/२२
नरेश अवस्थी
शाखा अधिकृत

**बोधार्थ :**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, कैलाली (सूचना सम्प्रेषण तथा जानकारीका गराइदिनका लागि)
श्री कैलाली जिल्लाका सबै स्थानीय तहहरु, (सूचना सम्प्रेषण तथा जानकारीका गराइदिनका लागि)
श्री टीकापुर नगरपालिका, सूचना तथा प्रविधि शाखा (सूचना वेवसाइटमा राखिदनका लागि)

---